# मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.

# Madhya Bhotekoshi Jalavidyut Company Limited

वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोन नं. ०१–४७२१६४१, ४७२१६४२
फ्याक्सः ४७२१६४३, इमेलः admin@mbjcl.com.np, वेभसाइटः www.mbjcl.com.np
को

## साधारण शेयरको सार्वजनिक निष्कासन तथा बिक्री खुल्ला

मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको प्रति शेयर रू.१००/- अंकित दरको १,४४,००,००० कित्ता साधारण शेयरहरू मध्ये **दोश्रो चरणमा** संस्थापक संगठित संस्थाका कर्मचारीका लागि २१,००,००० कित्ता र ऋणदाता संस्थाका कर्मचारीका लागि ६,००,००० कित्ता साधारण शेयरहरू **मिति २०७५/०८/१९ गतेदेखि सार्वजनिक निष्कासन खुल्ला गरिएको छ ।**

### आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरुः

१. यस निष्कासनमा माथि उल्लेखित संस्थाका मिति २०६८/०८/२२ मा बहाल रहेका तथा सो मिति देखि विवरणपत्र स्वीकृत भएको मिति २०७५/०६/२९ सम्ममा थप भएका कर्मचारीले मात्र दरखास्त दिन पाउनेछन् ।
२. यस निष्कासन अन्तर्गतका आवेदकहरूको आवेदन लिन सि.डि.एस. एण्ड क्लीयरिङ्ग लि. ले विकास गरेको C-ASBA प्रणालीमा माथि उल्लेखित सम्बन्धित संस्थाबाट उपरोक्त अवधिमा कायम रहेका योग्य दरखास्तवालाहरूको तथ्यांक उपलब्ध रहेको छ । उक्त तथ्यांकमा कुनै कारणवश समावेश नभएका योग्य व्यक्तिले आफ्नो कार्यालयको सम्बन्धित विभागमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
३. दरखास्त दिंदा यो सूचनामा तोकिएको अवधि मिति २०७५/०८/१९ देखि २०७५/०८/२६ गते भित्र दिईसक्नु पर्नेछ । उक्त अवधी पश्चात् कुनै आवेदन नलिईने तथा त्यस्तो आवेदन बाँडफाँटमा समावेश गरिने छैन ।
४. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले C-ASBA प्रणाली मार्फत दरखास्त संकलन गर्न आवद्ध आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरूबाट दरखास्त दिन सक्नेछन् ।
५. दरखास्त दिंदा आफ्नो कर्मचारी परिचयपत्रको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।
६. तोकिएको अवधीमा कर्मचारी रही यस निष्कासनमा दरखास्त दिन पाउने तर अवकाश प्राप्त भई कर्मचारी परिचयपत्र नभएका दरखास्तवालाको हकमा दरखास्तका साथ निजले अवकाश प्राप्त गरेको कार्यालयको सिफारिस पत्र वा पेन्सन पट्टाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

### C-ASBA सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुले दरखास्त बुझिलिंदा गर्नु पर्ने कार्यः

यस निष्कासनका लागि सि.डि.एस. एण्ड क्लीयरिङ्ग लि. ले विकास गरेको C-ASBA प्रणालीमा उपलब्ध श्री कर्मचारी संचय कोषले उपलब्ध गराएको तथ्यांक (Data) बाट दरखास्तवालाको रूजु गरेर मात्र दरखास्त बुझिलिनु पर्नेछ र उक्त दरखास्त सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सहभागी बैंकहरूलाई उपलब्ध कार्य निर्देशन (Operation Manual) बमोजिम C-ASBA प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ ।

यस निष्कासन सम्वन्धी विस्तृत जानकारीको लागि "**मिति २०७५ कार्तिक १५ गतेको कारोबार**" दैनिकमा प्रकाशित आव्हान-पत्र वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक **ग्लोबल आइएमई क्यापीटल लिमिटेड** तथा सह–निष्कासन तथा बिक्री प्रबन्धकहरू क्रमशः **प्रभु क्यापिटल लिमिटेड, सिभिल क्यापिटल मार्केट लिमिटेड, लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, सिविआईएल क्यापिटल लिमिटेड, सानिमा क्यापिटल लिमिटेड** र **एनआईबिएल एस क्यापिटल लिमिटेड**को वेवसाइटमा हेर्नुहुन अनुरोध गर्दछौं ।

**दरखास्त दिने पाउने सिमा**

| | |
|---|---|
| कम्पनीको संस्थापक शेयरमा लगानी गर्ने चिलिमे जलविद्युत कम्पनी लि., नेपाल विद्युत प्राधिकरण, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा.लि., नेपाल अरनिको हाइड्रोपावर कम्पनी प्रा.लि. तथा सिन्धु भोटेकोशी हाइड्रोपावर लि.का कर्मचारीहरू | न्यूनतम ५० कित्ता अधिकतम ५०० कित्ता |
| कर्मचारी संचय कोषका कर्मचारीहरूका लागि | न्यूनतम ५० कित्ता अधिकतम १,२०० कित्ता |

**यस अघि मिति २०७५।०७।२८ देखि मिति २०७५।०८।१४ सम्म गरिएको निष्कासनमा कर्मचारी संचयकोषकका संचयकर्ताका हैसियतबाट आवेदन गर्नेले यस निष्कासनमा आवेदन गर्न पाउने छैनन् ।**

### शेयर निष्कासन बन्द हुने मिति : दोश्रो चरण : २०७५/०८/२६ गते (बैंकिङ्ग समय पश्चात्)

**कम्पनीको विगत तीन वर्ष तथा आगामी तीन वर्षको वितीय विवरणः**

| विवरण | वास्तविक | | अपरिष्कृत | प्रक्षेपित | | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व.२०७७/७८ | आ.व.२०७८/७९ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००।- | १००।- | १००।- | १००।- | ११४।- | १३२।- | १४६।- |
| प्रति शेयर आम्दानी (रु.) | (०.५६) | (०.६७) | (०.२४) | ०.१७ | १४.०९ | १७.५७ | २१.४२ |
| सञ्चित मुनाफा/(नोक्सान) (रु. हजारमा) | (८४,८५२) | (१०४,१२८) | (१११,४९३) | १०,२२६ | ८५५,८०६ | १,९०९,८३२ | २,७७४,८६० |

***आन्तरिक लेखापरीक्षणबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण**

**प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरणः**

कम्पनीको प्रक्षेपित वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याज सहितः
आयोजनाको प्रति मेगावाट लागत : रू.१६०,८२७,०००/-
आयोजनाको कूल लागत : रू.१६,४०४,३४८,०००/-

**विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्वन्धी विवरणः**

इजाजत पत्र वहाल रहने अवधि मिति २०७०/०८/१८ देखि २१०५/०८/१७ सम्म रहेकोले ३५ वर्ष बाँकी रहेको छ ।

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी विवरणः**

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) : ७.५४ वर्ष
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) : १४.२८ वर्ष

### क्रेडिट रेटिङ्ग सम्बन्धमा

यस विवरण पत्र अनुसार साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिंग नेपाल लि., जमल, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई "केयर एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "केयर एनपि आईपिओ ग्रेड ४+" ले Below Average Fundamentals भन्ने बुझिन्छ । केयर रेटिंग नेपालले १ देखि ५ प्वाइन्टसम्ममा ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरण पत्रको अनुसूचीमा संलग्न गरिएको छ । केयर रेटिंग नेपाल लि. ले यस कम्पनीलाई मिति २०७५/०२/१८ (जुन १, २०१८) गतेको पत्रबाट क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको हो ।

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः**

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फयाक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

**सह-निष्कासन तथा बिक्री प्रवन्धकहरू:**

**NIBL ACE CAPITAL**
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फयाक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

**prabhu CAPITAL**
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोनः ४२२२९८७, फयाक्सः ४२२२८०२
Email: info@prabhucapital.com
Website: www.prabhucapital.com

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**
**Laxmi Capital Market Limited**
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं
फोनः ४७८०२२२/४७८१५८२, फयाक्सः ४७८०५८३
Email : info@laxmicapital.com.np
Website: www.laxmicapital.com.np

**SanimaCapital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
नक्साल, काठमाडौं, नेपाल
फोनः ४४२८९५६/५७, फयाक्सः ४४२८९५८
Email : sanimacapital@sanimabank.com
Website: www.sanima.capital

**सिभिल क्यापिटल मार्केट लि.**
**Civil Capital Market Ltd.**
छैठौं तल्ला, CTC Mall, सुन्धारा, काठमाडौं
फोनः ४२६२३०३, ४२६१२५१
Email: ccm@civilcapital.com.np
Website: www.civilcapitalmarket.com

**CBIL Capital Ltd.**
सि वि आई एल क्यापिटल लि.
Spreading Prosperity. Enriching Lives.
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल
फोनः ४४१७७२३/४४१८६६७ फयाक्सः ४२३९३०६
Email : info@cbilcapital.com
Website: www.cbilcapital.com